

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १९ गते शनिबार ❑ 5 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## ४१ स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने

**रासस**
काठमाडौं, १८ असोज

सरकारले बाढीपहिरो प्रभावित विभिन्न ४१ स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले बाढीपहिरोबाट बढी प्रभावित स्थानीय तहलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले जानकारी दिनुभयो ।

"बाढीपहिरो प्रभावित क्षेत्रमा अहिले पनि उद्धार तथा राहत वितरण जारी छ, प्रभावित क्षेत्रमा विशेष योजनाका पुनःस्थापना र पुनःनिर्माण गर्ने योजनाका साथ लाग्न विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको हो", उहाँले भन्नुभयो । प्रवक्ता गुरुङका अनुसार कोशी प्रदेश पाँचथरको फिदिम नगरपालिका, फालेलुङ गाउँपालिका, फाल्गुनन्द गाउँपालिका, ओखलढुङ्गाको चम्पादेवी गाउँपालिका र सुनकोशी गाउँपालिका, उदयपुरको वेकला नगरपालिकालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

साथै बागमती प्रदेशअन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका, नेत्रावती डबजोङ गाउँपालिका, धुनिवेशी नगरपालिका र गजुरी गाउँपालिका, दोलखाको गौरीशङ्कर गाउँपालिका, बिगु गाउँपालिका, शैलुङ गाउँपालिका, रामेछापको मन्थली नगरपालिका, रामेछाप नगरपालिका, खाँडादेवी गाउँपालिका,दोरम्भाशैलुङगाउँपालिका, सुनापति गाउँपालिका, लिखु तामाकोशी गाउँपालिका, गोकुलगङ्गा गाउँपालिका र उमाकुण्ड गाउँपालिकालाई पनि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

उहाँका अनुसार विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका अन्य स्थानीय तहमा सिन्धुपालचोकाको भोटेकोशी गाउँपालिका,ललितपुरकोबागमतीगाउँपालिका, कोन्ज्योसोमगाउँपालिकारगोदाबरी नगरपालिका, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका, पनौती नगरपालिका, तेमाल गाउँपालिका, नमोबुद्ध नगरपालिका, बेथानचोक गाउँपालिका, मण्डनदेउपुर नगरपालिका, चौरीदेउराली गाउँपालिका र महाभारत गाउँपालिका रहेका छन् ।

साथै सिन्धुलीको गोलन्जोर गाउँपालिका, सुनकोशी गाउँपालिका र फिक्कल गाउँपालिका, मकवानपुरको इन्द्रसरोवर गाउँपालिका, बकैया गाउँपालिका, चितवनको भरतपुर महानगरपालिका,माडीनगरपालिका र इच्छाकामना गाउँपालिकालाई पनि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको छ । यी स्थानीय तहमा पर्ने राजमार्ग क्षति भएको, सडकसञ्जाल विच्छेद भएको, नदीको तटीय क्षेत्र डुबानमा परेको, पुल बगाएको, विद्युत् र टेलिफोनको टावर तथा पशुचौपाया र कृषि क्षेत्रमा क्षति पुगेकाले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको मन्त्री गुरुङको भनाइ छ ।

## पोखरामा अन्तर्राष्ट्रिय योगा महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज



पोखरामा यही असोज ३० गतेदेखी आगामी कात्तिक ३ गतेसम्म नेपाल योगा महोत्सव २०२४ आयोजना गरिने भएको छ ।

होटल संघ नेपाल र पोखरा स्थित पूर्ण योगा रिट्रिटको संयुक्त आयोजनामा यो कार्यक्रम हुन लागेको हो । पूर्ण योगामा हुने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको हालै आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नेपाल प्रवर्द्धन गर्ने उद्धेश्य कार्यक्रमले लिएको छ । महोत्सवमा ५० विदेशी सहित कूल १ सय ७० जना सहभागी हुने अपेक्षा आयोजकको छ ।

महोत्सवमा स्वदेशी तथा विदेशी ख्याति प्राप्त योग विज्ञहरुको जमघट हुने र उनीहरुबाट विभिन्न विधामा योगा कक्षाहरु पनि सञ्चालन गरिनेछ । महोत्सव अवधिभर विश्वस्तरीय योग प्रस्तुतकर्ताहरु गुरु अन्तरयोगी चैतन्य केन्द्रका प्रकाश थापा ग्रामीनोमिनेटेड मनोज, पिटिर स्टेरियोस र चर्य नृत्य नाच गुरु प्रज्वल रत्न बज्राचार्य जस्ता विशेषज्ञहरुबाट योग र ध्यानको कार्यशालाहरु रहनेछन् भने ऐतिहासिक तथा सांस्कृतिक कार्यक्रमहरु पनि प्रस्तुत हुनेछन् । कार्यक्रममा सहभागिताका लागि नेपालीलाई दिनको तीन हजार रुपैया र विदेशीलाई छ हजार पांच सय रुपैया शुल्क तोकिएको छ । महोत्सब अवधिभर ४ दिन सहभागी हुनेहरुका लागि थप आकर्षक प्याकेजको पनि व्यवस्था गरिएको छ। यस महोत्सवको ट्राभल पार्टनर यती एयरलाइन्स रहेको छ । पत्रकार सम्मेलनमा बोल्दै होटल संघ नेपालका महासचिव एबं कार्यक्रमका सभापति साजन शाक्यले नेपालमा योगाकै लागि भनेर ठूलो संख्यामा विदेशी पर्यटक आउने गरेको स्मरण गराए । नेपाल चिनाउन र योगाप्रेमीलाई नेपालमा आकर्षित गर्न कार्यक्रम सहयोगी हुने उनले विश्वास ब्यक्त गरे । पूर्ण योगाकी संस्थापक लता तुलाचनले सामाजमा सकारात्मक भावको विकास गर्न कार्यक्रम आयोजना गरिएको बताइन् । मानिसको शारीरिक र मानशिक स्वास्थको लागि योगको भूमिका हुने बताउँदै उनले स्वास्थमा गरिने लगानी सबै भन्दा ठूलो लगानी हो भनिन् । हरियो र सफा नेपाल नारामा समेत कार्यक्रमले जोड दिएको बताउँदै उनले कूल १६ जना प्रशिक्षक कार्यक्रममा भाग लिन आइपुग्ने जानकारी दिईन् ।

संस्थाका अर्का संस्थापक मनोहर श्रेष्ठले नेपालमा योगा सम्बन्धि नीति र कानूनको आबश्यकता औंल्याए । पोखरा र समग्र नेपाललाई योगाको गन्तव्य बनाउने उद्धेश्य कार्यक्रमले लिएको उनले बताए । नेपालमा योगाको विकासको लागि सरकार सहयोगी बन्नुपर्ने भनाई उनले राखे । कार्यक्रममा होटल संघ नेपालका केन्द्रिय सदश्य भरतराज पराजुली, संघका गण्डकी प्रदेश अध्यक्ष हरिप्रसाद शर्मा गैह्रे र पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पनि आफ्नो भनाई राखेका थिए ।

## पोखरा महानगरद्धारा ८ पसलमा अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज



पोखरा महानगरपालिकाले चाडपर्व लक्षित अनुगमन सुरु गरेको छ । नेपालीहरुको पर्व बडा दशैं नजिकिएसंगै महानगरले अनुगमन सुरु गरेको हो ।

महानगर उपभोक्ताहित संरक्षण समितिका संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वमा शुक्रबार पोखराका विभिन्न ८ वटा पसलमा अनुगमन गरिएको हो ।पोखरा वडा नम्वर २ रहेका भवानी पुजा सामग्री, महालक्ष्मी पुजा सामग्री भण्डार, सेलवेज क्यास एण्ड क्यारी प्रालि, एसएए स्टोर्स, गौचन स्टोर्स, ओभ्का किराना पसल, वडा नम्बर ३ मा रहेको साथी सपिङ सेन्टर र पोखरा ८ मा रहेको सहारा ट्रेडिङमा अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा म्याद गुज्रेका खाद्य सामग्री, सरकारले प्रविन्ध गरेको प्लाष्टिकको माला तथा फुलका गुच्छा जफत गरि ११ हजार १ सय ७९ रुपैयाँ बराबरको सामग्री नष्ट गरिएको छ । अनुगमनका क्रममा भवानी पुजा सामग्रीमा प्रतिबन्धित प्लाष्टिकका माला र फुलका गुच्छा नष्ट गरिएको छ भने प्याकेजिङ अनुमतिपत्र नलिई प्याकेजिङ गरेर विक्री वितरण गरेको, व्यवसाय नविकरण नगरेको र थप कारबाहीका लागि कार्यालयमा उपस्थित हुन निर्देशन दिइको छ । महालक्ष्मी पुजा सामाग्रीमा १५ सय बराबरको प्लाष्टिकका माला नष्ट गरिएको छ । उक्त पसलमा मुल्यसुचि नभएको ब्यवसाय दर्ता, नापतौलको दर्ता नभएको , लेवल नभएका सामाग्री विक्रीवितरण गरेको पाइएको छ । त्यस्तै एसएस स्टोर्समा अनुगमनका क्रममा १५ सय मुल्य बराबरको म्याद गुज्रेको आइस क्रिम नष्ट गरिएको थियो भने प्याकेजिङ, ब्राण्डिङको इजाजत नलिएको, लेवल नखुलेको सामान विक्रीविरतण गरेको, ब्यवसाय दर्ता नभएको पाइएकाले पोखरा महानगरमा उपस्थित हुन निर्देशन दिइएको छ । साथी सपिङ सेन्टरमा म्याद गुज्रेका तेल, मकैको मिठो, दाल चिनिको चुलो, मसला गरी ४ हजार १ सय ३९ रुपैयाँ बराबरको सामाग्री नष्ट गएिको महानगर सहकारी तथा उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटाले जानकारी दिए । यता ओभ्का किराना पसलबाट बदाम, चोकोज, कुरकुरे जिरा,पानीपुरी आदि गरेर १ हजार २ सय ३० रुपैयाँ मुल्य बराबरको सामग्री नष्ट गरिएको छ । अनुगमनका क्रममा गौचन स्टोर्सबाट १७० रुपैयाँ मुल्य बराबरको म्याद गुज्रेको दुई पोका सफल दहि नष्ट गरिएको छ । पोखरा २ मा रहेको सेलवेज क्यास एण्ड क्यारी प्रालिमा म्याद गुज्रेको २ सय ग्रामको पनिर र फुलको खाने तेल एक लिटर गरी ६ सय ४० रुपैयाँ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## ढोरवाराही मन्दिरको प्रवर्द्धनमा सरकारले सहयोग गर्छ: पर्यटमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज




संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले ढोरावाराही मन्दिरको विकास र प्रवर्द्धनलाई सरकारले प्राथमिकता दिने बताउनुभएको छ ।

तनहुँको शुक्लागण्डकी नगरपालिकाले आज यहाँ आयोजना गरेको 'मन्दिरको धार्मिक तथा ऐतिहासिक महत्व र यसको दीर्घकालिन विकास' सम्बन्धी अन्तरक्रियामा उहाँले धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले महत्वपूर्ण स्थलको विकासमा सरकारले ध्यान दिइरहेको बताउनुभयो ।

गण्डकी प्रदेश सरकारले दश गन्तव्यमध्ये एउटा गन्तव्य ढोरवाराहीलाई बनाएको बताउँदै मन्त्री पाण्डेले भन्नुभयो, "यसै वर्ष यस ठाउँको प्रोफाइल बनाउने गरी नेपाल पर्यटन बोर्डलाई ध्यानाकर्षण गराउनेछु। त्यसो भएको खण्डमा यस ठाउँको थप विकासमा टेवा पुग्नेछ ।" मन्त्री पाण्डेले ढोरवाराही मन्दिरको गुरुयोजना बनाएर विकास गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यस मन्दिरको धार्मिक महत्वका बारेमा हामी सबै जानकार छौ । स्थानीय, प्रदेश र सङ्घ सरकार मिलेर यसको प्रवर्द्धनमा जुट्नुपर्छ ।" तनहुं क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले ऐतिहासिक र धार्मिक महत्व बोकेको ढोरवाराहीलाई धार्मिक पर्यटनको केन्द्र बनाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा प्रदेशसभा सदस्य श्यामराजा महत, पूर्वमन्त्री आशा कोइराला, नेपाली कांग्रेसका केन्द्रीय सदस्य ध्रुव वाग्लेले ढोरावाराहीलाई धार्मिक सांस्कृतिक गन्तव्यस्थल बनाउने गरी आवश्यक पूर्वाधार गर्नुपर्नेमा जोड दिनुभयो ।

शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले स्थानीय सरकारका तर्फबाट यस क्षेत्रको विकासका लागि आफूहरू लागिपरेको बताउनुभयो । जङ्गलले चारैतिर घेरिएको पहाडको बीचमा मनोरम स्थानमा मन्दिर छ । मन्दिरसँगै रहेको पोखरी र पोखरीमा रहेको माछाले भक्तजनको मन लोभ्याउँछ । ढोरवाराहीमा रहेको पोखरीमा बेला-बेला लहरी छुट्ने गर्दछ । रहस्यमी लहरीलाई धार्मिक आस्थाको रूपमा लिने गरिन्छ ।



# पोखरादेखि विराटनगरसम्म स्तरीय बस सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

यातयात क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएको पोखरा जगदम्बा ट्राभल्सले पोखरा काठमाण्डौंमा थप दुई र पोखरा देखि काकडभिट्टासम्म दुई वटा अत्याधुनिक सेवा सुविधा भएका बस सेवा संचालनमा ल्याएको छ।

नेपालीहरुको महान पर्व वडा दशैंको अवसरमा काठमाण्डौं सहित पोखरा देखि पुर्व तर्फ धरान, बिराटनगर हुदै काकडभिट्टासम्मको लागि अत्याधुनिक सेवा सुविधा भएका बस सेवा संचालनमा ल्याएको पोखरा जगदम्बा ट्राभल्स प्रा.लि.का प्रोपाइटर युवा व्यवसायी केशव प्रसाद अधिकारीले बताउनु भयो । विगत २५ बर्ष अगाडीदेखि सेवा प्रदान गर्दै आएको कम्पनीले पछिल्लो समयमा सन् २०१३ मा स्तरिय बसको बडी दिल्लीमा निमार्ण गरि २०१४ बाट २१ सिट सोफा बस र बस कृयू समेत सेवा सञ्चालनमा ल्याएको सन्दर्भमा हाल यात्रुको सेवालाई मध्यनजर गरी उक्त सेवा थप गरेको उहाँले जनाउनुभयो।

उक्त बसमा जम्मा २१ सिट सोफा बसमा, वासरुम, टि.भी, वाईफाई, चिया, कफी, खाना, खाजा देखि बल्याङ्केट समेतको सम्पूर्ण सुविधा सम्पन्न गाडी सञ्चालनमा ल्याएको कम्पनीले जनाएको छ । पोखरा जगदम्बा ट्राभल्सले रात्री बस पोखरा - काठमाण्डौ को लागी पनि सम्पूर्ण सुविधा सम्पन्न समेत गरि सञ्चालनमा ल्याएको छ



भने बिचमा कोविड १९ को कारण २ बर्ष स्थगित रहेको र पछि पुन पोखरा- काठ्माण्डौ काठमाण्डौ-पोखरा दिवा सेवा संचालनमा ल्याएको छ । दिवा सेवाको बसमा भाडा २५००/-मा खाना, खाजा, चिया, कफि, ब्रेकफास्ट, ट्वाईलेट, वाईफाई, बल्याङ्केट समेत साथै बस कृयू राखेर सञ्चालन भई रहेको छ र त्यसरी नै रात्रीकालिन सेवामा भाडा रु २०००/- लिई बसमा ट्वाईलेट, बल्याङ्केट, चिया, कफि, कोल्ड्रीक्स, खाजा समेत गरि सञ्चालनमा रही रहेको कम्पनीले उल्लेख गरेको छ । हाल संचालनमा आएको बसमा भने यात्रुहरुको माग भए बमोजिम र आर्थिक अवस्था लाई ध्यानमा राखेर पोखरा काठमाण्डौंको लागि १६०० कायम गरि बस कृयू, चिया, कफि, खाजा, पानी समेतको सुविधा दियर यात्रु वर्ग लाई सुविधा दिने लक्ष्यले थप काठमाण्डौं-पोखरा-काठमाण्डौं विहानको १ क्यू थप गरिएको प्रोपाइटर अधिकारीले बताउनु भयो । पोखरादेखि पूर्व धरान, विराटनगर, काकडभिट्टा क्षेत्रका यात्रुहरुको पनि गुनासो र माग भएको कारण पूर्व अञ्चल लाई सेवा दिने लक्ष्यले धरान, विराटनगर र काकडभिट्टाको लागी सेवा दिन लागेको हो । उक्त गाडीमा यात्रा गर्दा यात्रुलाई खाना, खाजा र अन्य सुविधा राखिएको छैन र भाडा दर पनि पृथ्वी समितिमा आवद्ध बस भएको हुदा समितिको भाडा दर रेटमा सञ्चालन गरिने भएको छ । पोखरा जगदम्बा ट्राभल्सले थप २ वट्टा बस निमार्ण भई रहेको छ र उक्त थप २ वट्टा बस दिपावली को अवसरमा पोखरा बाट भारतको विहार राज्यको राजदानी पट्नामा सञ्चालनको लागी तयारी भएको प्रोपाइटर अधिकारीले जनाउनु भयो । पोखरा-काठमाण्डौं दिवा समय ७:३० बजे रहेको छ भने भाडा रु २५००/- सेवा सुविधा चिया, कफि, पानी, वाईफाई, ट्वाईलेट, बल्याडेट, खाजा, खाना बस कृयू, समेत रहेको कम्पनीले जनाएको छ । पोखरा -काठमाण्डौं दिवा समय ८ बजे बाट सुरु हुने भएको छ भने भाडा रु १६००/- कायभ गरिएकोमा सेवाहरु भने चिया, कफि, पानी, वाईफाई, बयाङ्केट, खाजा रहेको छ । पोखरा-काठमाण्डौं रात्री सेवा वेलुका ८ बजे, संचालन हुने भएको छ भने यसको भाडा रु २०००/- निर्धारण गरिएकोमा सुविधाको हकमा भने चिया, कफि, पानी, ट्वाईलेट, ब्रेक फास्ट, वाईफाई, वल्याङ्केट, बस हेल्पर सर्भिस सहित सुविधा उपलब्ध रहेको छ।

काठमाण्डौं रात्री बस भाडा रु १६००/- सेवा सुविधाको हकमा चिया, कफि, पानी, खाजा, वाईफाई, बल्याङ्केट समेतको सुविधा रहेको छ।

पोखरा जगदम्बा ट्राभल्सले पोखरा -काठमाण्डौं विहान २ क्यू र बेलुका २ क्यू सेवा दिएको छ भने पूर्व तर्फ दुई बस बाट पोखरा-काकडभिट्टा र पोखरा- धरान को लागी सेवा प्रारम्भ गर्न लागेको हो । पोखरा- काकडभिट्टाको भाडा भने पृथ्वीराज मार्ग बस संचालक कम्पनीले निर्धारण गरेको शुल्क रहेको छ।

यसैबिच शुक्रबार एक समारोहका बिच सांसद दामोदर पौडेल (बैरागी) ले उक्त बसको औपचारिक रुपमा उद्घाटन गर्नु भएको थियो । डेमोको रुपमा कम्पनीका ४ वटा बस प्रस्याङ देखि विन्ध्यबासिनी बस पार्क, पृथ्वीचोक, राष्ट्रबैंकचोक, लेकसाइड हुदै पर्स्याङसम्म प्रर्दशन गरिएको थियो । पृथ्वीराजमार्ग बस संचालक कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसीले विहिबार पोखरा देखि सौराहसम्म सोझा जडान भएका सुविधा सम्पन्न बस सेवा सुरु गरेको सन्र्दभमा शुक्रबार पुनः दुई रुटमा स्तरिय बस सेवा संचालन हुनुले यात्रुलाई आरामदायी यात्र हुने विश्वास व्यक्त गर्नु भयो।



बिक्रीका लागि ल्याइएका भेडा च्याङ्गाः
दसैंमा बिक्रीका लागि कास्कीको पोखरा ल्याउदै गरिएको भेडा च्याङ्गाको बथान। दसैंमा पोखरा र आसपासमा भेडा च्याङ्गाको व्यापार राम्रो हुन्छ। तस्बिरः धनबहादुर गुरुङ/रासस

# नौलो घुम्ती नेपालको १२ औं अधिवेशन

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

नौलो घुम्ती नेपालको २३ औं बार्षिक साधारण सभा तथा १२ औं अधिबेशन शुक्रबार पोखरामा सम्पन्न भएको छ।

अधिबेशनले सुरेन्द्र थापा मगरको को अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्बसम्मत चयन गरेको छ । प्रथम उपाध्यक्षमा मंगल नेपाली, द्वितीय उपाध्यक्षमा मिना कुमारी गुरुङ, महासचिवमा कमल अर्याल, सचिबमा महेन्द्र गुरुङ र कोषाध्यक्षमा कमला रिमाल चयन भए । त्यसैगरी समितिको सदस्यहरूमा योगेन्द्र प्रधान, बिनु गुरुङ, राममाया बि क, तुमला श्रेष्ठ, इन्जिनियर शारदा मोहन काफ्ले, ढुन्डीराज ज्ञवाली र नारायण पौडेल चयन भए । यसअघि अधिबेशनको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गरे । पौडेलले नौलो घुम्ती नेपालले लागुपदार्थ सम्बन्धि परामर्श, उपचार तथा पुर्नस्थापनाका क्षेत्रमा उल्लेखनीय कार्य गरेको भन्दै लागू पदार्थमुक्त समाज निर्माणका लागि अझै बढी प्रभाबकारीतामा जोड दिन आग्रह गरे । सो संस्थाबाट संचालित अधिक परियोजना सफल देखिएको भन्दै प्रमुख



पौडेलले सबै गैरसरकारी संस्थाहरूले पारदर्शिता, जवाफदेहिता र सामाजिक उत्तरदायित्वलाई केन्द्रबिन्दुमा राख्न आग्रह गरे । उनले गैरसरकारी संस्थाहरू विभिन्न तहका सरकारको अभिन्न पाटो भएको हुँदा देशलाइ बिकृति मुक्त बनाउदै समृद्धिको सहकार्यमा थप जोडदिनुपर्ने उल्लेख गरे।

उद्घाटन कार्यक्रममा संस्थापक अध्यक्ष प्रेम बहादुर श्रेष्ठ ,पोखरा महानगर वडा न १७ का वडा सदस्य शिबराम भण्डारी, रेडक्रस कास्कीका उपसभापति उर्मिला खड्का, गैरसरकारी संस्था महासंघ कास्कीका अध्यक्ष डाक्टर बुद्धि बहादुर थापा, लायन्स क्लब ईन्टरनेसनलका पूर्ब गर्भनर योगेन्द्र प्रधान, नौलो घुम्ति नेपालका संस्थापक अध्यक्ष प्रेम बहादुर श्रेष्ठ, पूर्ब अध्यक्षद्वय खड्ग बहादुर रानाभाट, पदम बहादुर पहारी, संस्थाका पूर्ब प्रमुख कार्यकारी अधिकृत रामप्रसाद ज्ञवाली, सन्चारकर्मी दिपेन्द्र श्रेष्ठ, साहारा क्लब पोखराका पूर्ब अध्यक्ष बिक्रम थकाली, एफ एच आइ संस्थाका गण्डकी प्रदेश संयोजक सुनिल रानाभाट, नौलो घुम्ती नेपालका प्रथम उपाध्यक्ष सुरेन्द्र थापा मगर, द्वितीय उपाध्यक्ष मंगल नेपाली सहितले मन्तव्य व्यक्त गरेका थिए। साधारण सभाले महासचिव मिना कुमारी गुरुङले पेश गरेको संस्थाको बार्षिक प्रगति प्रतिबेदन र कोषाध्यक्ष महेन्द्र गुरुङले पेश गरेको आर्थिक प्रतिबेदन पारित गरेको छ । सो अबसरमा उक्त संस्थाको सामाजिक परिक्षण समेत सम्पन्न भएको छ । अध्यक्ष बद्रीबिनोद प्रतिकको अध्यक्षतामा सम्पन्न उद्धाटन कार्यक्रमको संचालन सचिब कमल प्रसाद अर्यालले गरेका थिए।

# माछापुच्छ्रे टी-२० क्रिकेट लिगमा आर.के.भिक्टोरियन र स्लामिक कंक्रर्स विजयी

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

माछापुच्छ्रे क्रिकेट क्लवको आयोजनामा लेखनाथमा जारी माछापुच्छ्रे टी-२० क्रिकेट लिग अन्तर्गत शुक्रबारको खेलमा आर.के.भिक्टोरिय र स्लामिक कंक्रर्स विजयी भएका छन्।

पहिलो खेलमा आर.के.भिक्टोरियनले लेखनाथ बुमर्समाथि ६ रनको रोमाञ्चक जित हाँसिल गरेको हो । टस जितेको लेखनाथले बलिङ रोजेपछि ब्याटिङमा उत्रिएको भिक्टोरियनले १४.४ ओभरमा सम्पूर्ण विकेट गुमाएर ८८ रनको योगफल तयार पारेको थियो । आर.के. भिक्टोरियनका ब्याटरहरु सुदिप



पौडेलले २४ बलमा ३ चौका प्रहार गर्दै २३ रन जोडे । विश्वास पराजुलीले १८ तथा कप्तान कविन सापकोटाले ११ रन हाने । लेखनाथका बलरहरु साजन क्षेत्री र विसाल पौडेलले समान ३ विकेट लिए । सत्कार चालिसेले २ तथा लक्ष्मण थापा क्षेत्री र कप्तान प्रदीप तामाङले १/१ विकेट लिए। जितका लागि ८९ रनको लक्ष्य पछ्याउने क्रममा लेखनाथ बुमर्सले १६ ओभरमा ८ विकेट गुमाएर ८२ रन बनायो । लेखनाथको तर्फबाट राजु छन्त्यालले सर्वाधिक २२ रन जोडे । विसाल पौडेलले अविजित ११रन बनाए। आर.के.भिक्टोरियका बलरहरु विश्वास पराजुलिले ३, अलिक श्रेष्ठले २ तथा कविन सापकोटा र रितेस बराललले १/१ विकेट लिए । खेलमा आर.के.भिक्टोरियका विश्वास पराजुली प्लेयर अफ द म्याच भए । शुक्रबारको अर्को खेलमा इस्लामिक कंक्रर्सले एभरेष्ट क्रिकेट क्लबलाई ५ विकेटले पराजित गरेको छ । टस जितेर ब्याटिङ रोजेको एभरेष्टले १९ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १ सय १५ रन बनाएको थियो। एभरेष्टको तर्फबाट विक्की शर्मा र दीपक माझीले समान १६ रन जोडे। इस्लामिकका बलर जस्मिन थापाले ३ तथा रोशन कँडेल र पुस्कल पौडेलले दुई दुई विकेट लिए । जितका लागि १ सय १६ रनको लक्ष्य पछ्याएको इस्लामिक कंक्रर्सले १७.४ ओभरमा ५ विकेट गुमाएर जित हासिल गर्यो। इस्लामिकको तर्फबाट प्लेयर अफ द म्याच विजय विश्वकर्माले १८ बलमा अविजित ३० रन हाने । पुष्कल पौडेलले २४ र अनिष जिसीले २१ रन जोडेका थिए। एभरेष्टका बलर नियाज अहमद र अजयरामले दुई दुई विकेट लिए।

# पोखरा ...

मुल्य बराबरको सामग्री नष्ट गरिएको छ। अनुगमनका महानगरका उपप्रमुख एवं अनुगमन समितिका संयोजक मञ्जुदेवी गुरुङ, महानगरका प्रशासन महाशाखा प्रमुख कृष्णप्रसाद तिवारी, महानगर उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटा, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि उमाकान्त रेग्मी, गुणस्तर तथा नापतौल कार्यालय पोखराका प्रतिनिधि रघुनाथ पौडेल, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका प्रतिनिधि रविना सुनार, महानगर सहकारी तथा उद्योग शाखाका प्रतिनिधि राजु सुवेदी, महानगरस्तीय राष्ट्रिय उपभोक्ता मञ्चका प्रतिनिधि हुमनाथ अधिकारी लगायतको सहभागीता रहेको थियो। अनुगमन गरिएका सात वटै पसलका संचालकलाई असोज २१ महानगरमा अनिवार्य उपस्थितिका लागि निर्देशन दिएको छ। चाडपर्व धेरै सामाग्रीको खपत हुने भएकाले मुल्यबृद्धि गर्ने र म्याद गुज्रेका सामग्रीहरु समेत बिक्री वितरण हुने भएकाले अनुगमन गरिएको महानगर उपप्रमुख एवं अनुगमन समितिका संयोजक मञ्जुदेवी गुरुङले बताउनुभयो।


# मनाङमा पर्यटकको चहलपहल बढ्यो

पोखरापत्र संवाददाता
मनाङ, १८ असोज

असोज महिनासँगै मनाङमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपलहल बढेको छ। गत मङ्गलबार मात्रै दुई सय ८६ पर्यटक मनाङ प्रवेश गरे।

एकैदिन उक्त सङ्ख्यामा पर्यटक प्रवेश हालसम्मकै धेरै हो। बुधबार एक सय ४० पर्यटक मनाङ प्रवेश गरेको पर्यटक सूचना केन्द्र धारापानीका कर्मचारी भूपेन्द्र गुरुङले जानकारी दिनुभयो। असोज महिना घुम्न र पदयात्राका लागि उत्तम मानिन्छ।

गत भदौमा विभिन्न ७४ देशका दुई हजार सात सय ६५ पर्यटक मनाङ घुम्न आएको पर्यटक सूचना केन्द्र धारापानीको तथ्याङ्कमा उल्लेख छ । केन्द्रको तथ्याङ्कअनुसार सबैभन्दा धेरै इजरायलका पाँच सय ९७ पर्यटकले मनाङ भ्रमण गरेका थिए। सोही महिनामा मनाङ भ्रमण गर्ने सङ्ख्याका आधारमा दोस्रो स्थानमा चिनियाँ पर्यटक थिए । तीन सय २७ चिनियाँ पर्यटकले मनाङ भ्रमण गरेका थिए । पर्यटन व्यवसायी समितिका जिल्ला अध्यक्ष विनोद गुरुङले भन्नुभयो, "यो महिना पदयात्राका लागि उपयुक्त महिना हो । त्यसैले पर्यटकको आगमन बढेको छ ।" चामे गाउँपालिका-५ चामेका पर्यटन व्यवसायी उषा लामाले मौसम अनुकूल बन्दै गएपछि पर्यटकक्रम बढेको बताउनुभयो । "यसले हामीलाई उत्साहित बनाएको छ", उहाँले भन्नुभयो । यस याममा मनाङ आउने पर्यटक घुम्नका लागि तिलिचो ताल पुग्ने गरेका छन्। उच्च हिमाली क्षेत्रको मौसम परिवर्तन भइरहने हुँदा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय मनाङले पर्यटकलाई सतर्क रहेर यात्रा तय गर्न आग्रह गरेको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गर्मीमा मुटुको समस्याबाट बच्न के गर्ने, के नगर्ने ?

डा. ओममूर्ति अनिल



केही दिनयता देशका अधिकांश स्थानमा अत्यधिक गर्मी बढेको र यसले जनजीवन प्रभावित भएका समाचार आएका छन्। तराईलगायत मध्यपहाडी भेगमा गर्मीकै कारण विद्यालय पनि बन्द गरिएका छन् । तराईमा लुको प्रकोप बढ्नसक्ने भन्दै सतर्कता अपनाउन भनिएको छ ।

गर्मी मौसममा मुटुका बिरामी, उच्च रक्तचाप, कोलस्टेरोल, मोटोपना, मधुमेहजस्ता समस्या भएका वृद्धवृद्धालेकेहीअतिरिक्तसावधानी अपनाउनु पर्दछ। मुटुसम्बन्धी समस्या भएका बिरामीहरुका लागि जाडो जत्तिकै जोखिम गर्मी यामममा पनि हुने गर्दछ। गर्मीमा थप सावधानी अपनाउनुपर्ने जोखिम समूहमा मुटुमा ब्लकेज भएका बिरामीहरू, (मुटु कमजोर) भएका बिरामीहरू, उच्च रक्तचाप र यसको औषधि उपयोग गरिरहेकाहरू, मधुमेही र यसको औषधि उपयोग गरिरहेकाहरू, बुढापाका/मिर्गौला रोगी, पहिले बेहोस भइसकेका र कुनै अङ्गको सङ्क्रमणले ग्रस्त बिरामी पर्दछन् ।

अझ मुटुजन्य समस्या भएका व्यक्तिहरुका लागि त झन उच्च तापक्रमबाट प्रभावित हुने सम्भावना दोब्बरले बढछ। अति गर्मीले मुटुका बिरामीको ज्यानसमेत जान सक्छ। तापमान वृद्धिका कारण कही वर्षयता मुटुसँग सम्बन्धित समस्या (विशेषगरी हृदयाघात) बढिरहेको छ। यसैले गर्मी मौसममा मुटुका बिरामीले विशेष ध्यान दिनुपर्छ। जाडोमा जसरी रक्तनली साँघुरो भएर रक्तचाप बढ्छ, त्यसको ठीक विपरीत गर्मीले गर्दा रक्तनलीको आकार बढेर रक्तचाप घट्न सक्छ। बढ्दो गर्मीमा टाउको दुख्ने समस्या हुने गर्दछ। गर्मीमा लगातार टाउको दुख्नु भनेको रक्तचाप बढ्ने संकेत हुन सक्छ। बढी समय चर्को घाममा रहनाले रक्तचाप घट्छ र मुटुमा समस्या आउँछ। गर्मीले रक्तचाप घट्दा बिरामीलाई रिँगटा लाग्ने, हिँड्न अप्ठयारो हुने, कहिलेकाहीं बेहोस हुने स्थितिसम्म आउन सक्छ। जोखिम समूहमा परेकाहरूले अत्यधिक गर्मीमा पर्नबाट जोगिनुपर्छ। गर्मी यामममा मुटुको समस्याहरू भएका व्यक्तिले मात्र नभई स्वथ्य व्यक्तिले समेत दिनहुँ प्रशस्त मात्रामा झोल कुरा खानुपर्छ । मावन शरीरको महत्वपूर्ण तत्व हो। यसले स्वस्थ व्यक्तिको आधादेखि दुई तिहाई तौल ओगटेको हुन्छ। खासगरी गर्मी यामममा शरीरबाट बढी पानी निस्किने हुँदा पानीको मात्र कम हुन्छ। शरीरमा पानीको कमी भए रक्तचाप घट्न थाल्छ अनि मुटु र मधुमेहका रोगीहरू जोखिममा पर्न सक्छन्। बुढापाका र मोटो व्यक्तिको शरीरमा पानीको मात्रा अन्य व्यक्तिको तुलनामा कम हुन्छ । शरिरलाई चाहिने पानीको मात्रा कम हुँदा रगत बाक्लो हुन जान्छ। रगत बाक्लो हुँदा जम्ने डर हुन्छ। त्यतिबेला हृदयाघात वा मस्तिस्कघात हुने सम्भावना बढी हुन्छ ।

शरीरमा पानीको मात्रा कम हुनु भनेको यसले शरीरमा निर्जलीकरण (डिहाइड्रेसन) हुनु हो। डिहाइड्रेसनका कारण शरीरमा सोडियम र पोटासियमको मात्रामा गडबड हुन्छ। डिहाइड्रेसनले गर्दा शरीरमा रगत जमेर समस्या उत्पन्न गर्न सक्छ। यसबाट मुटुको धड्कन बढी हार्ट फेल समेत हुन सक्छ। त्यसैले डिहाइड्रेसनका कारण डिहाइड्रेसनले मुटु रोगीको ज्यानै पनि जानसक्ने हुन्छ। मुटुको औषधि खाइरहेका व्यक्तिहरू गर्मी यामममा डिहाइड्रेसन भएर बेहोस भएको पाउने गरिन्छ। शरीरमा पानीको कमी लामो समयसम्म रह्यो र प्रारम्भिक लक्षणबाट पहिचान गर्न नसकेमा ऊर्जाको कमीदेखि लिएर हृदयाघातको जोखिम हुन्छ । शरीरका विभिन्न अंगमा रगत पुऱ्याउन मुटुले बढी मिहिनेत गर्नुपर्छ। यसले गर्दा मुटुलाई बढी दबाब हुन्छ। जसले गर्दा मस्तिष्क, मुटु, हातखुट्टा लगायत नसामा रगत जमेर समस्या उत्पन्न हुन सक्छ। मुटुसम्बन्धी जोखिम समूहमा रहेकाहरूलाई गर्मी यामममा पनि विशेष सावधानी अपनाउनुपर्छ। मुटुको औषधि सेवन गरिरहेका र पाकाहरूले गर्मी यामममा बढी चलखेल गर्दा शरीरमा पानीको कमी हुन्छ र रक्तचाप कम हुन्छ। यसले गर्दा मस्तिष्कमा रगतको प्रवाह कम हुन्छ र सम्बन्धित व्यक्ति बेहोस हुन सक्छ। गर्मीमा काम गर्दा अचेत भई कतिपय मानिसको मृत्यु भएको समाचार सुन्ने गरिन्छ। जब हाम्रो मुटुले सामान्य प्रवाहमा रक्तसञ्चार गर्न सक्दैन भने यस्तो अवस्थामा मानिस बेहोस हुने गर्छन् । गर्मीले गर्दा मानिसको रक्तचाप तल-माथि हुन सक्छ। दुवै अवस्था हुनु जोखिमपूर्ण नै हुन्छ। रक्तचापको औषधि सेवन गरिरहेकाहरूलाई औषधिको मात्रा घटबढ हुन सक्ने भएकाले औषधि सेवन गर्ने रक्तचापका बिरामी अत्यधिक गर्मीमा नहिँड्नु नै राम्रो हुन्छ। कतै जानु नै परे प्रशस्त तरल पदार्थ सेवनसँगै गर्मीबाट जोगिने उपाय गर्नुपर्छ। उच्च रक्तचापका रोगीलाई बढी गर्मीमा बढी मिहिनेत हुने र पसिना बगाउने काम गर्नु हुँदैन। आफूलाई रिँगटा लाग्न र बेहोसी हुने अवस्था आउन लाग्यो भन्ने थाहा पाउनेबित्तिकै हावा आउने ठाउँमा निस्कनुपर्छ, तरल पदार्थ सक्दो लिनुपर्छ । उभिइरहनु हुँदैन । यति गर्दा पनि आराम नभए देब्रे कोल्टो परेर सुत्नुपर्छ। यसो गर्दा मस्तिष्कमा रगत प्रवाह यथोचित मात्रामा भएर अचेत हुनबाट जोगिन सकिन्छ। सार्है गर्मी हुँदा चिसो पानीमा नुहाउँदा शरिरलाई शीतलता हुन्छ ।

तापमान वृद्धिको सिधा असर मानिसको मुटुमा पर्ने हुँदा शरीर चिसो बनाउन पसिना आवश्यक हुन्छ। पसिनाले नै शरीरको तापक्रम सन्तुलनमा राखिरहन्छ। उच्च तापक्रममा शरीरले आफ्नो ताप नियन्त्रण गर्न नसक्दा शरीरको भित्रिय तापक्रम बढ्न गई अत्याधिक पसिना आउने, वाकवाक लाग्ने, टाउको दुख्ने, मांसपेसीहरु बाउँडिने, बेहोस हुनेजस्ता समस्या आउन सक्छ। उच्च रक्तचापका बिरामीहरू गर्मी यामममा भीड, हावाको प्रवाह (भेन्टिलेसन) नभएको कोठा वा गाडीमा धेरै बेरसम्म गुम्सिएको अवस्थामा बस्दा वा काम गर्दा रिँगटा लाग्ने र बेहोस हुने स्थिति आउन सक्छ। पर्याप्त निन्द्रा, तनाव कम गर्ने, रक्तचाप नियमित परीक्षण गर्ने (५० वर्ष पुगेका, मोटोपना, मुटुरोगी, उच्च रक्तचाप भएकाले बिशेष सावधानी अपनाउनुपर्ने हुन्छ।

मुटुमा समस्या हुनबाट जोगिने उपाय

प्रशस्त पानीको सेवनः काममा घरबाहिर निस्कनुअघि प्रशस्त मात्रामा पानी वा झोल पदार्थ खानुपर्छ। त्यस्ता व्यक्तिले नुन/चिनी, पानी र कागतीको सर्बतले खाइरहने गरे शरीरमा खनिज, लवण र पोटासियमको सन्तुलन बिग्रन पाउँदैन । पानीले शरीरको तापक्रम सामान्य राख्छ। यसले जोर्नीलाई चिप्लोसँगै गद्दाजस्तै बनाउँछ। यसले स्पाइनल कर्डसँगै अन्य संवेदनशील तन्तुहरूलाई जोगाउँछ। नियमित आवश्यकता अनुसार एक-दुई घण्टाको फरकमा प्रशस्त पानी पिउने र शरिरमा पानी प्रयाप्त भए नभएको आफ्नो पिसाव सफा छ छैन हेर्नुपर्छ। अन्य स्वस्थ्य मानिसले पनि मौसम गर्मी हुँदा वा व्यायाम गर्दा त अझ बढी तरल पदार्थ सेवन गर्नुपर्ने हुन्छ । फलफूल/जुसको सेवन गर्ने : फलफूलमा पाइने खनिज तत्वहरुले शरिरलाई पसिनाको माध्यमबाट हुने खनिजको कमीलाई पूर्ति गर्छ र रक्तचाप र मुटुको क्रियाकलाप लाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

चिया/कफीको सेवन नगर्ने : चियाकफीका कारण शरीरमा पानीको कमी भन् हुन थाल्छ। चिया/कफीमा पाइने कैफिनले पिसाबको मात्रा बढाएर शरिरमा पानीको मात्रालाई कमी गर्छ, अत्यधिक गर्मीमा चिया/कफीको सेवन कम गर्नु फाइदाजनक हुन्छ।

धुमपान तथा मद्यपान नगर्ने : धुमपान तथा मद्यपान स्वास्थ्यका लागि लाभदायक हुँदैन। त्यसमा पनि गर्मीको समयमा गरिने धुमपानले शरीरलाई सुख्खा राख्न बल पुग्दछ भने मदिरा सेवनले पिसाबको मात्रा बढाएर शरीरमा पानीको मात्रालाई कमी गर्छ ।

गर्मीमा ब्यायाम गर्दा होस पुऱ्याउने : सकेसम्म कम गर्मी भएको बेला (बिहान) हिँड्ने, ब्यायाम अगाडि पछाडि गर्ने बेलामा पानी पिउने। बिहान वा साँझमा घर बाहिरको काम वा व्यायाम गर्न सकिन्छ ।

सकभर घरभित्रै बस्ने : गर्मीको मौसममा चर्को घाममा लागेका बेला घर बाहिर निस्कनु स्वास्थ्यका लागि निकै जोखिम मानिन्छ। सकेसम्म घरभित्रै बस्नुपर्छ। यदि घरभित्रै बस्दा पनि दिउँसो घामतिर पर्ने झ्याल र ढोका बन्द गर्नुपर्छ र बाक्लो पर्दा लगाउनुपर्छ। सकेसम्म भित्र बत्ती पनि बाल्नुहुँदैन। निस्कनै पर्ने अवस्थामा टोपी वा छाता लिएर या बिहान-बेलुकीको समयमा निस्कनुपर्छ । चर्को घामबाट बच्ने : दिउँसोको सूर्यको किरणबाट बच्नुपर्छ। अति बढी परिश्रम पर्ने कामहरू कम गर्नपर्छ। बाहिर निस्कने बेलामा छाता, टोपी, चश्मा, पातलो तथा खुकुलो कपडा र सन स्क्रिनको प्रयोग गर्न सकिन्छ । उपयुक्त कपडा प्रयोग गर्ने : जोखिम समूहका व्यक्तिहरूले बढी गर्मीमा हल्का लुगा लगाउनुपर्छ। सिन्थेटिक, नाइलन, पोलिस्टरको सट्टा सुतीका लुगा लगाउनुपर्छ। टाइट र गाढा रङका लुगा लगाउनु हुँदैन। यी माथि उल्लेख गरिएका विभिन्न उपायहरुका बारेमा सचेत र सजग हुन सकेमा गर्मी यामममा हुनसक्ने जोखिमबाट बच्न सकिन्छ। अत्यधिक गर्मीका कारण यदि बेचैनी या असहज महसुस हुन्छ भने तत्काल रक्तचापको परीक्षण गराउनुपर्छ। यदि रक्तचाप उच्च छ भने तत्काल डाक्टरको परामर्श लिनुपर्छ ।

# अनिष्टको भयले जमारा राख्दैनन् माझी समुदाय

पोखरापत्र संवाददाता
बागलुङ, १८ असोज

हिन्दूहरूको महान् पर्व बडादसैंको पहिलो दिन आज घरघरमा जमरा राखी घटस्थापना गरिएको छ । जमरा राख्नुपूर्व घरलाई लिपपोत गर्ने, रङ्ग्याउने प्रचलन छ । घटस्थापनाका दिन राखेको जमरा विजयादशमीका दिन टीकासँगै मान्यजनको हातबाट लगाउने चलन छ ।

तर बागलुङका सीमान्तकृत माझी समुदायले भने वर्षौंदेखि जमराबिना नै दसैं मनाउने अनौठो परम्परालाई निरनतरता दिएका छन् । उनीहरूले अनिष्टको भयले जमरा नराखी दसैं मनाउँदै आएका छन् । देवीलाई जौंको जमरा मन पर्ने भएकाले घटस्थापनाको दिन विधिपूर्वक जौं, गहुँ तथा मकैलाई माटोमा छर्ने र टीकाको साइतमा जमरालाई फूलको रूपमा प्रयोग गर्ने चलन रहिआएको भए पनि बागलुङ नगरपालिका-१ रामरेखाका खनियाबासका माझी समुदायले भने वर्षौंदेखि जमराबिना नै दसैं मनाउने गरेको पाइएको छ । माझी समुदायले घरमा जमरा राखे दसैं नै अशुभ हुने परम्परागत मान्यतका आधारमा जमरा नराखी दसैं मनाउने गरेको स्थानीय कृष्ण माझीले बताउनुभयो । पितापुर्खाले भनेअनुसार अनिष्ट हुने खतरा टार्नका लागि दसैंमा जमरा नराख्ने गरिएको हो । करिब सयदेखि डेढ सय वर्षअघिसम्म जमरा राखे पनि पछि ठूलै अनिष्ट हुन थालेपछि जमरा राख्न छाडिएको आफूलाई बाबुबाजेले बताउँदै आएको स्थानीय कृष्णले बताउनुभयो ।

खनियाबास र मालढुङ्गामा बस्ने माझीहरूले घरमा जमरा नराख्ने चलन अहिले परम्पराका रुपमा स्थापित भइसकेको छ । "जमरा राख्दा घरकी कन्याको मृत्यु भएको र जमरा नराख्दा मृत्यु हुन छोडेको भन्ने सुनेको हो, जमारा नराख्ने परम्पराले आगमी दिनमा समेत निरन्तरता पाउछ," कृष्ण माझीले भन्नुभयो "जमरा नराखेपनि दसैंलाई राम्रै तरिकाले मनाउन थालिएको छ, जमरा घरमा राख्दा हुने अनिष्ट हटेर गएको भन्ने पुर्खाहरूले बताएका थिए ।"

स्थानीय देउकुमारी माझीले भन्नुभयो, "जमरा राख्दा अनिष्ट भएको, छोरीचेलीको मृत्यु भएर दसैं रोकिएको भनेर जमरा राख्न छाडिएको हो रे, हामीहरूले पनि पुर्खाको कुरा मान्दै आएका छौं", उहाँले भन्नुभयो, "घटस्थापनाको दिन जमरा छर्ने क्रममा कन्याहरूको मृत्यु भएको बाबुबाजेहरूले बताउँदै आएको र हामीले त्यही सुन्दै आएको हो, दसैंको दिन कालिका मन्दिरमा छरेका जमरा मागेर टीकासँग लगाउन थालिएको छ, यहाँका १७ माझी परिवार कसैले पनि जमरा राख्दैनन् ।" जमरा छर्न छाडेपछि कन्याहरूको मृत्यु हुन छाडेर अनिष्ट रोकिएको उहाँको भनाइ छ । दसैंको दिन टीका जमरा लगाए पनि बागलुङ बजारबाट मागेर अथवा नजिकैको कालिका मन्दिरमा रहेका जमरा ल्याएर लगाउने चलन छ । घरमा जमारा राखेपछि अनिष्ट हुने विश्वासले यहाँका १७ माझी परिवारले घरमा जमरा नराख्ने गरेको पाइन्छ । माझी समुदायले आफ्नो परम्पराका रूपमा वर्षौंदेखि यसलाई लिँदै आएका छन् ।

दसैं मनाउने भए पनि जमरा नराख्ने माझी समुदायको प्रचलनलाई अनौठो प्रचलनका रुपमा अन्य समुदायले लिँदै आएका छन् । माझीहरूले दसैंमा जमरा लगाउन हुने भए पनि राख्न नहुने मान्यता स्थापित भइसकेको छ । पुर्खौंदेखि कालीगण्डकी नदीमा माछा मारेर, डुङ्गा खियाएर र बालुवा निकालेर गर्जो टार्दै आएका बागलुङ नगरपालिका-१ रामरेखाका माझी समुदायले पछिल्लो समय पेसा परिवर्तन गर्दै आएका छन् ।

# सात करोड खर्चेर तनहुँको कुलुङखोलामा पक्की पुल बन्दै

पोखरापत्र संवाददाता
दमौली, १८ असोज

सडक निर्माण भएको २५ वर्षपछि भिमाद नगरपालिका-१ भएर बग्ने कुलुङखोलामा पक्की पुल निर्माण सुरु भएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा पुल निर्माण प्रारम्भ भएको हो ।

गण्डकी प्रदेशसभा सदस्य जितप्रकाश आलेले उक्त पुलको बिहीबार शिलान्यास गर्नुभयो । भौतिक पूर्वाधार विकास मन्त्रालयको रु सात करोड ७३ लाख ६४ हजार तीन सय ८२ को लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य छ । पुलका लागि चालु आर्थिक वर्षमा रु दुई करोड १६ लाख ५६ हजार विनियोजन भएको छ ।

उक्त मन्त्रालयका अनुसार ७४.२० मिटर लामो आगामी २०८३ असार ९ गते सम्पन्न गर्नेगरी निर्माण कम्पनीसँग ठेक्का सम्झौता भएको छ । यसैबीच, व्यास नगरपालिका-३ मा सात वर्षदेखि अलपत्र तत्कालीन महिला विकास तथा बालबालिका कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले भवन बनाउन रु ६५ लाख विनियोजन गरेको सामाजिक विकास कार्यालयका प्रमुख विदुरहरि आचार्यले जानकारी दिनुभयो । सङ्घीय सरकार मन्त्रिपरिषद् बैठकले उक्त भवन गण्डकी प्रदेशलाई हस्तान्तरण गरेको थियो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबीच भएको सम्झौताबमोजिम उक्त भवनको हकभोग अधिकार प्रदेश सरकारमा आएको थियो । प्रदेश सरकारले सामाजिक विकास कार्यालयको भवन नभएकाले सो भवन उक्त कार्यालयलाई हस्तान्तर गरिने छ ।

# मुस्ताङको मार्फामा पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
मुस्ताङ, १८ असोज

मुस्ताङको घरपझोङ गाउँपालिका -२ मार्फामा पदमार्ग निर्माण गरिएको छ । उद्योग तथा पर्यटन कार्यालय मुस्ताङको ३० लाख बजेटबाट हिसरुङ गुम्बा र स्याउ उद्यान जोड्ने ढुङ्गाको सिढी बिछ्याएर पदमार्ग निर्माणका साथै सौन्दर्यकरण गरिएको हो । मार्फा गाउँको शिरमा करिब एक किलोमिटर पदमार्ग निर्माण भएको कार्यालयले जनाएको छ ।

उक्त पदमार्गको डिलमा बत्ति जडान गरेर रातको समयमा झलमल्ल देखिने बनाइएको कार्यालयका प्रमुख प्रेमप्रसाद पौडेलले जानकारी दिनुभयो । मुस्ताङ आउने पर्यटकको बसाई लम्बाउने उद्देश्यले पर्यटकीय गाउँ मार्फालाई सौन्दर्यकरण सहित पूर्वाधार निर्माण गरिएको उहाँले बताउनुभयो । यसअघि मार्फा देखि स्याउ उद्यान जाने पदमार्ग उकालो र साघुरो थियो । मार्फाका वडा अध्यक्ष मनबहादुर हिराचनले पदमार्ग बनेपछि मार्फामा आउने पर्यटकहरु स्याउ उद्यान र गुम्बामा भुल्न थालेका बताउनुभयो । गाउँमाथिको पदमार्गको डिलमा जडान गरिएको बत्तीले रातको समयमा मार्फालाई आकर्षण देखाएको उहाँले बताउनुभयो । पर्यटकहरुले डिलमा रहेको स्याउ आकृतिको प्रतिमा र स्याउको राजधानी मार्फा गाउँलाई पृष्ठभूमिमा पारेर फोटो, भिडियो खिच्ने र सामाजिक सञ्जालमा राख्ने गर्छन् । सघन सहरी विकास तथा भवन आयोजना बागलुङ मार्फत निर्माणाधिन स्याउ उद्यानदेखि स्याउबारी र मार्फा गाउँको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ । स्याउबारी, थकालीको रहनशहन, जीवनशैली, मौलिक संस्कार, कला संस्कृति, गुम्बा र गुफा मार्फाको पर्यटकीय आकर्षण हुन् । सेतो र रातो माटोले लिपेका झुरुप्प मिलेका मार्फाका घरहरुमा माटोकै छाना र छानामाथि दाउरा चिनेर राखिएको छ । मार्फालीले शताब्दीऔ अघिको मौलिकता बचाएर राखेका छन् । कालीगण्डकी नदी किनारको फाँटमा स्याउबारीको हरियाली र कुनातर्फ सुख्खा पहाड छ ।

ढुङ्गा बिछ्याइएको मार्फाका भित्री गल्लीहरु सफा सुग्घर र चिटिक्क छन् । बसन्त ऋतुमा स्याउ फुल्दा र सरदयाममा लटरम्म दाना लागेका स्याउ बगैचा डुल्डा प्रकृतिको काँखमा रमाएको महशुस हुने काठमाडौबाट मार्फा घुम्न आएकी रिता खत्रीले सुनाउनुभयो । धौलागिरि हिमाल फेदको धमाङबाट बसाई सरेर आएका लालचन, हिराचन, ज्वारचन र पन्नाचन थरका थकाली समुदायले बस्ति बसालेको एक सय ५० घरधुरीको बसोबास रहेको मार्फामा दलित समुदायको पनि बसोबास छ । स्वदेशी तथा विदेशी चलचित्रहरु छायांकन भएको मार्फाका घरहरूमा स्थानीय पहिचान झल्किने कलात्मक वस्तुहरू सजाएका छन् ।

मार्फाको पश्चिमतर्फको पहाडको भित्तामा प्राकृतिक कलात्मक दृष्य देखिन्छ । सम्तेलिङ गुम्बा मार्फाको धार्मिक सम्पदा हो । गाउँ माथिको पाखामा रहेको करिब तीन सय वर्ष पुरानो भिर गुम्बा पनि अर्को आकर्षण हो । उक्त गुम्बामा विपद् नहोस, खेतीबाली सप्रियोस र रोग ब्याधी नआवस भनेर पुजाआजा गर्ने चलन छ । जापानी भिक्षु तथा अन्वेषक इकाइ कावागुची सन् १८८८ मा बुद्ध धर्मको अध्ययनका लागि तिब्बत जाने क्रममा बसेको घरलाई कावागुची घर नामकरण गरिएको छ । इकाइ कावागुचीलाई नेपाल-जापान सम्बन्धका दूत मानिन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# डेङ्गुका १४ हजारभन्दा बढी बिरामी

रासस
काठमाडौं, १८ भदौं

देशभर डेङ्गुबाट सङ्क्रमितको सङ्ख्या १४ हजारभन्दा बढी पुगेको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहाल अनुसार देशभर १४ हजार नौ सय ७५ जनामा डेङ्गु रोगको सङ्क्रमण देखिएको छ । केही दिन अघि पानी परेका कारणले डेङ्गु सङ्क्रमण बढेको बताउनुभयो । हालसम्म हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण देखिएको छ । डेङ्गुको सङ्क्रमणबाट हालसम्म सात जनाको निधन भइसकेको छ ।

यसैगरी गण्डकी प्रदेशमा सबैभन्दा बढी डेङ्गुको सङ्क्रमण गण्डकी प्रदेशमा देखिएको छ । महाशाखाका अनुसार गण्डकी प्रदेशमा छ हजार नौ सय २० देखिएको छ । कोशी प्रदेशमा एक हजार तीन सय २९, मधेसमा दुई सय ८६, बागमतीमा चार सय ८९, लुम्बिनी नौ सय ९५, कर्णालीमा दुई सय २० र सुदूरपश्चिम प्रदेशमा सात सय ३६ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ ।

